दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २०१ | बुटवल | २०८१ साउन ०३, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday July 18, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं।
फोहोर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोग लाग्न सक्छ।
त्यसैले,
-खोला, धारा वा मूलको पानी सिधैं नपिऔं।
-पानी उमालेर मात्र पिऔं।
-उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
-पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड


१२ अर्बको उद्योगी–विद्युत् प्राधिकरण महशुल विवाद

# प्रधानमन्त्रीको अग्रसरतामा समाधान उन्मुख

**प्रधानमन्त्री केपी ओलीले चाँडै विवाद समाधान गर्न निर्देशन दिएका छन्। अर्थमन्त्री पौडेलले प्राधिकरणले विना प्रमाण बिल काट्न र बक्यौता उठाउन बाध्य पार्न नसक्ने बताएका छन्। प्रधानमन्त्री र अर्थमन्त्रीको प्रष्ट धारणा आएपछि समस्या समाधान खोज्न थालिएको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नयाँ सरकार बनेसँगै लामो समयदेखि बल्झिँदै आएको डेडिकेटेड र ट्रंकलाइन महसुल विवाद समाधानको पहल भएको छ। डेडिकेटेड र ट्रंकलाइन लिएका भन्दै विद्युत् प्राधिकरणले उद्योगहरूको नाममा १२ अर्बभन्दा बढीको बिल जारी गरेको छ। यो महसुल विवादमा रूपन्देहीका मात्रै पञ्चकन्यासहित १५ उद्योग छन्। तर उद्योगहरूले आफूहरूले माग नगरेको र उपभोग समेत नगरेको भन्दै तिर्न अस्वीकार गर्दै आएका छन्। यो विवादमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मन्त्रिपरिषद् बैठकको निर्णय समेत लत्याएर बद्नियत र पूर्वाग्रहका आधारमा बिल तिर्न ताकेता गर्दै लाइन काट्न सुरु गरेको उद्योगीहरूको आरोप छ। यो विवादमा हाल नेपाल विद्युत् प्राधिकरणले ६ वटा उद्योगको लाइन काटेको छ। त्यसको विरोधमा अरू उद्योगले आफैँ लाइन काटेका छन्।



नेपाल उद्योग वाणिज्य महासंघले यो समस्या समाधान गर्न प्रधानमन्त्री केपी शर्मा ओली, अर्थमन्त्री विष्णु पौडेल र उर्जामन्त्री दीपक खड्कासँग भेटेर कुरा राखेपछि तीनैजनाले विवाद समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सरकारले डेडिकेटेड र ट्रंकलाइनको विवाद समाधान यही हप्ताभित्रै गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। उद्योगीसँगको भेटमा प्रधानमन्त्री ओलीले उद्योगको लाइन काटेर समाधान ननिस्कने भएकाले चाँडै लाइन जोडिदिएर विवाद समाधान गर्ने बताएको भेटघाटमा सहभागी एक उद्योगीले बताए।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले पनि विद्युत् प्राधिकरणले विना प्रमाण उद्योगीसँग विद्युत् महशुलको बक्यौता उठाउन बाध्य पार्न नसक्ने बताएका छन्। उद्योग वाणिज्य महासंघसँग बुधबार छलफल गर्दै मन्त्री पौडेलले प्राधिकरणले बिल देखाउनुपर्ने बताएका हुन्। यदि त्यसो गर्न सक्दैन भने गैरकानुनी बक्यौता तिर्न व्यवसायी बाध्य नहुने अर्थमन्त्री पौडेलको स्पष्ट भनाइ छ।

उनले यसकै लागि व्यवसायी फेरि डेलिगेसनमा आउनु नपर्ने पनि बताए। उद्योगीहरूलाई उनले डेडिकेटेड ट्रंकलाइनको विषयले डर त्रासले बस्नु नपर्ने आश्वासन दिएका छन्। 'विद्युत् प्राधिकरणसँग बिल माग्नुस्, बिल दिन सक्दैन भने गैरकानुनी डर मान्नुपर्दैन।'- मन्त्री पौडेलले उद्योगीहरूलाई भने।

यसअघिको प्रचण्ड नेतृत्वको सरकारले डेडिकेटेड र ट्रंकलाइनसँग सम्बन्धित विवाद समाधानका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा छानबिन आयोग बनाएको थियो। आयोगले ०७२ माघअघि र ०७५ बैशाखपछिको डेडिकेटेड र ट्रंक लाइनको प्रिमियम महसुल लिन नमिल्ने र त्यसबीचको भने विद्युत् प्रयोगको दिन र अवधि यकिन गरेर नयाँ गणना गरी लिन मिल्ने सिफारिस गरेको थियो। आयोगको सिफारिस कार्यान्वयन गर्ने निर्णय मन्त्रिपरिषद्को २७ वैशाखको बैठकले गरेको थियो। तर, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको दबाबमा तत्कालीन मुख्यसचिव बैकुण्ठ अर्यालले मन्त्रिपरिषद् बैठकको बेहोरा नै फरक पारी कार्यान्वयनका लागि पत्र पठाएका थिए।

मन्त्रिपरिषद् बैठकको निर्णयको अपव्याख्या गरी विद्युत् प्राधिकरणले ०७२ माघदेखि ०७५ बैशाखसम्मको पुरै अवधिको महसुल पुरानै बिलअनुसार उठाउन प्राधिकरणले पत्र पठाएको थियो।

उद्योगीहरूले भने त्यो बिल काट्नुको आधार र टीओडी मिटरको तथ्यांक प्राधिकरणले नदिएको भन्दै महसुल बुझाएका छैनन्। ऊर्जा मन्त्री दिपक खड्काले डेडिकेटेड र ट्रंकलाइन विवाद समाधानका लागि छलफल गर्न भन्दै विद्युत् प्राधिकरण र उद्योगीहरूलाई मन्त्रालयमा बोलाएका छन्। मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा उद्योगीहरूको गुनासो रहेको र उनीहरूले मन्त्रालयमा समेत निवेदन दिएको सन्दर्भमा दुवै पक्षसँग छलफल गर्न बैठक बोलाइएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले जानकारी दिए।

» बाँकी ३ पेजमा

## प्रधानमन्त्रीले ६ गते विश्वासको मत लिने



बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले साउन ६ गते आइतबार संसदमा विश्वासको मत लिने भएका छन्।

नेकपा माओवादी केन्द्रसँगको गठबन्धन तोडेर कांग्रेससँग सत्ता सहकार्य सुरु गरी प्रधानमन्त्री बनेका ओलीले ६ गते संसदमा विश्वाशको मत लिन लागेका हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र एकीकृत समाजवादी नेकपा एसबाहेक अन्य दलले साथ छाडेपछि अल्पमतमा परेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजीनामा दिएपछि नयाँ सरकार गठन भएको हो।

प्रचण्डको राजीनामापछि राष्ट्रपति रामचन्द्र पौडेलले असार ३० गते ओलीलाई संविधानको धारा ७६ को उपधारा २ अनुसार प्रधानमन्त्री नियुक्त गरेका थिए।

प्रधानमन्त्रीमा ओलीको यो चौथो कार्यकाल हो। ओलीले सदनमा विश्वासको मत पाउने पक्का जस्तै छ। ओली यसअघि २०७२ असोज २५ गते, २०७४ फागुन ३ गते र २०७८ बैशाख ३० गते प्रधानमन्त्री नियुक्त भएका थिए।

प्रधानमन्त्रीमा नियुक्त भएपछि ओलीले नेपाली कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी समेटेर २२ सदस्यीय मन्त्रिमण्डल गठन गरेका छन्।

## कांग्रेस-एमालेको निर्णय कुर्दै मुख्यमन्त्री महरा

**लुम्बिनी संवाददाता**
*बुटवल*



केन्द्रमा फेरिएको सत्ता समीकरणसँगै लुम्बिनीमा सत्ता साझेदार दल नेकपा एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जोखबहादुर महरा अल्पमतमा परेका छन्। २० असारमा उनी अल्पमतमा परेपछि विपक्षी दलहरुले मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने बताउँदै आएका छन्। तर उनले राजीनामा दिएका छैनन्। बरु उनले नेकपा एमाले र नेपाली कांग्रेसले नयाँ सरकार गठनका लागि औपचारिक प्रकृया नै सुरु नगरेकाले आफ्नो राजीनामा आउन ढिला भएको टिप्पणी गरे।

महराले नेकपा एमाले र नेपाली कांग्रेस नयाँ सरकार गठनको संवैधानिक प्रकृयामा गएपछि मात्रै आफूले राजीनामा दिने वा के गर्ने भन्ने यकिन हुने बताए। 'अल्पमतमा परेपछि पनि मुख्यमन्त्रीले राजीनामा नदिएको भन्दै समाचार आइरहेका छन्,' महराले भने-'म राजीनामा दिन तयारै छु, तर एमाले र कांग्रेसले नयाँ सरकारका लागि संवैधानिक व्यवस्था अनुसार प्रकृया नै सुरु गरेकै छैनन्, अनि मिडियासँग एकोहोरो राजीनामाको कुरा गरेर हुन्छ ?'

अल्पमतमा परेका मुख्यमन्त्रीले सत्ता साझेदार दलले समर्थन फिर्ता लिएको अवस्थामा राजीनामा नदिई ३० दिनभित्र विश्वासको मत लिन पाउने संवैधानिक व्यवस्था छ। 'संविधानमा रहेको व्यवस्थालाई समेत बेवास्ता गरेर विपक्षीहरुले राजीनामा माग्दैमा दिने कुरा हुँदैन,' महराले भने-'एमाले वा कांग्रेसमध्ये कुन दलले मुख्मन्त्री पाउने हो टुंगो छैन, त्यो टुंगो लगाएर संवैधानिक व्यवस्थाअनुसार नयाँ मुख्यमन्त्री नियुक्तिको प्रकृया थालेपछि म तत्काल निर्णय गर्छु।'

महराले अल्पमतमा परेर आफू पदमा रहे पनि विगतका मुख्यमन्त्रीहरुले जसरी सरकार छाड्ने बेलामा आफ्नो दलका मान्छेहरुलाई विभिन्न ठाउँमा नियुक्ति गर्ने, कर्मचारी सरुवा गर्ने जस्ता गलत अभ्यास आफूले नगरेको दाबी गरे।

'अल्पमतमा परेपछि पनि मनपरी नियुक्ति गर्ने उहाँहरुलाई बानी परेको छ, त्यही सोचेर होला मलाई छिटो राजीनामा दिए हुन्थ्यो भनेको, तर मबाट त्यस्तो बेथिति हुँदैन।'-महराले भने।

महरा गत चैत २३ गते मुख्यमन्त्री नियुक्त भएका थिए। २० असारमा सत्ता साझेदार दल एमालेले समर्थन फिर्ता लिएपछि उनी अल्पमतमा परेका छन्।

केन्द्रमा एमालेसहितका दलको समर्थनमा १० पुसमा प्रधानमन्त्री भएका पुष्पकमल दाहालले छोटो समयमै राजनैतिक समीकरण बदलेपछि त्यसको असर प्रदेशको सत्ता समीकरणमा परेको छ। युद्धकालमा आधार क्षेत्र मानेको माओवादीले अब प्रदेश सरकारको नेतृत्व गुमाएपछिको अवस्थामा लुम्बिनीमा कमजोर हुने देखिन्छ।

लुम्बिनीमा मुख्यमन्त्रीसँगै प्रदेश प्रमुख, सभामुख र प्रदेशसभा सचिव पनि माओवादीबाटै छन्। तर अब मुख्यमन्त्री, प्रदेश प्रमुख र प्रदेशसभा सचिव पनि माओवादीले गुमाउने निश्चित जस्तै छ। सभामुख भने कायम रहन सक्छन् भन्ने राजनीतिक वृत्तमा बुझाइ छ।

## टाइगर प्यालेसका कर्मचारी आन्दोलनमा



**लुम्बिनी संवाददाता**
*बुटवल*

तिलोत्तमाको पाँचतारे होटेल टाइगर प्यालेसका कर्मचारी सम्झौता लागू गर्न माग गर्दै आन्दोलनमा उत्रिएका छन्। कर्मचारीहरुसँग २०८० पुस १३ गते गरेको सम्झौता कार्यान्वयन नभएको भन्दै ३० जना बढी कर्मचारी आन्दोलनमा उत्रिएका हुन्।

श्रम अदालतले गरेको फैसलाअनुसार क्षतिपूर्तिसहित प्रतिव्यक्ति १२ देखि १५ लाखसम्म कम्पनीले दिनुपर्ने भए पनि कर्मचारीहरुले कम्पनीको अवस्थालाई हेर्दै नयाँ व्यवस्थापन टिमका बुद्धिसागर सुवेदीसँग सम्झौता गर्दा प्रतिव्यक्ति राजीनामाको हकमा २ लाख ७० हजार र पुनर्बहालीको हकमा १ लाख ६५ हजार दिनुपर्ने सहमति गरिए पनि लागू नभएपछि आन्दोलनमा उत्रिनुपरेको संघर्ष समितिका संयोजक चित्रबहादुर भण्डारीले बताएका छन्।

संयोजक भण्डारीका अनुसार राजीनामा दिएकाहरुलाई तत्कालै भुक्तानी दिनुपर्ने र पुनर्बहाली भएकाहरुलाई किस्ताबन्दीमा दिनुपर्ने उल्लेख भए पनि हालसम्म कम्पनीले सम्झौतालाई कार्यान्वयन गरेको छैन। कोरोनाको बेला निष्कासन गरिएकाहरुमध्ये क्यासिनोमा ४३ जना र होटलतर्फ २२ जनालाई पुनर्बहाली गरिएकोमा अझैं क्यासिनोतर्फ १८ जना र होटलतर्फ चार जनालाई पुनर्बहाली नगरिएको फुड एण्ड बेभरेज सुपरभाइजर श्रीकृष्ण रेग्मीले बताए। 'हामी होटेल पनि सञ्चालन हुनपर्छ र हाम्रो रोजगारी पनि सुनिश्चित हुनुपर्छ भनेर लचक भयौं, तर सञ्चालकले जागिरबाट हटाउने प्रपञ्च रचेर अन्याय गर्न खोजे,' रेग्मीले भने -'कर्मचारीका माग पूरा नगरे थप सशक्त आन्दोलनमा जान्छौं, प्रहरी प्रशासन लगाएर आन्दोलन कमजोर हुँदैन।'

» बाँकी ३ पेजमा




## सम्पादकीय

# चौराहा–गोलपार्क सडकको ठेक्का

बुटवलको राजमार्ग चौराहादेखि गोलपार्कसम्मको सडक सात वर्षसम्म निर्माण नभएपछि पूरानो ठेक्का रद्द गरी नयाँ ठेक्का आव्हान भएको छ । बुटवलको चौराहादेखि गोलपार्कसम्मको तीन किमि सडक ६ लेनमा विस्तारका लागि सात वर्षअघि ठेक्का पाएको बिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले काम गर्न नसकेपछि नयाँ ठेक्का भएको हो ।

पटक-पटक म्याद थप्दासमेत सात वर्षसम्म काम सम्पन्न नभएपछि डिभिजन सडक कार्यालय बुटवलले ठेक्का रद्द गरी नयाँ ठेक्का गर्नु स्वाभाविक कदम हो । नयाँ ठेक्काअनुसार ६ महिनाभित्र सक्ने गरी ५८ करोड रुपैयाँ लागत राखेर बोलपत्र सूचना प्रकाशन गरिएको छ । २०६९ सालमा चार लेनमा निर्माण भएको यो खण्ड पछि ६ लेनमा विस्तार गर्ने योजना अघि बढ्यो । सम्झौताअनुसार २०७६ असोज १२ गतेसम्म सक्नुपर्नेमा नसकेपछि २०८० चैत मसान्तसम्म पूरा गर्ने गरी म्याद थप भयो तर काम भएन् । ठेक्काअनुसार काम नहुनु निर्माण व्यवसायीको मात्रै कमजोरी छैन । पहिले निर्माण व्यवसायीले काम गर्न खोज्दा सडकको क्षेत्राधिकार खाली गरिएन् । पछि कोभिड महामारी सुरु भयो । जब सडक क्षेत्राधिकार खाली भयो । डिभिजन सडक कार्यालयले काम गर्न ताकेता गऱ्यो, निर्माण कम्पनीले काम गर्न सकेन् । निर्माण कम्पनी आर्थिक समस्यामा परेपछि त्यसको मारमा चौराहा-गोलपार्क सडक पऱ्यो । अहिलेसम्म जुन समस्याले सडकको काम भएन् । अब ती समस्या नदोहोरिने गरी ठेक्का स्वीकृत गरी काम हुनुपर्छ । अहिले प्रश्न उठेको विषय हो, ६ महिनासम्म काम सकिन्छ कि सकिंदैन ? ६ महिनामा काम सक्ने हो भने ठेक्का स्वीकृतिदेखि नै ख्याल गर्नुपर्छ । अहिले निर्माण व्यवसायीले काम पूरा गरेपछि पनि भुक्तानी पाएका छैनन् । निर्माण व्यवसायीले काम गर्ने, तर राज्यले भुक्तानी नदिने प्रवृत्ति गलत छ । व्यवसायीले काम नगरे कानुनअनुसार ठेक्का तोड्ने, निर्माण कम्पनीलाई कालो सूचीमा राख्ने लगायत गरिन्छ, तर राज्यबाट भुक्तानी नपाउँदा परेको मर्का कसैले बुझ्न सकेको छैन । काम गरेपछि तोकिएको समयसीमामा भुक्तानीको ग्यारेन्टी गर्नुपर्छ ।

ठेक्का स्वीकृत भइसकेपछि छिटो गुणस्तरीय काम गर्न तालुक कार्यालयले ध्यान दिनुपर्छ । गुणस्तरीय काम गर्नका लागि बुटवलवासीले निरन्तर निगरानी गर्न आवश्यक छ ।

# सत्ताकै लागि मात्र मरिमेट्ने प्रवृत्ति



बालकृष्ण मैनाली

नेतृत्वलाई सहयोग गरेका युवाहरुलाई वर्तमानमा आएर कि त विदेशिन बाध्य बनाइएको छ, कि त राजनीतिक व्यवसायीहरुले फालेको हड्डीमा मग्न हुन बाध्य बनाइएको छ । युवाहरुलाई देशको विषयमा सार्थक सम्बोधन गर्ने अवसरबाट सधैँ वञ्चित गराइयो । यो प्रक्रिया वर्तमानमा पनि जारी छ ।

गएको हप्ता पुनः सत्ता उथलपुथलका परिघटनाको पटाक्षेप हुन पुग्यो । जनजनको लागि यो नौलो विषयचाहिँ थिएन । प्रदेओहरुका एक-एक चर्तिकलाहरुबारे जानकार छन्, जनजनहरु । आजको भन्दा केही समयपूर्व कांग्रेस र माओवादीको गठबन्धन हुँदा टोलटोलमा गठबन्धनका कांग्रेस र माओवादीहरुका कार्यकर्ताहरु गफ छाँटिरहेको देख्दा एमालेका कार्यकर्ताहरु साथी नै भए पनि सकेसम्म बोल्दा पनि नबोली अथवा बोलाए पनि सुन्या नसुन्यै गरेर हिँड्थे । त्यसको केही समयपछि टोलटोलमा यसको ठीक उल्टो हुन पुगेको थियो अर्थात् एमाले र माओवादीका कार्यकर्ताहरु एक-आपसमा गफ छाँटिरहँदा कांग्रेसी कार्यकर्ताहरुलाई बोलाउँदा पनि नसुनेको जस्तो गरी हिँड्ने अवस्था सिर्जना हुन पुगेको थियो ।

अबको अवस्थाले सम्भवतः कांग्रेस र एमालेका कार्यकर्ताहरु गफमा व्यस्त भइरहँदा माओवादी नबोली हिँड्ने अवस्था सृजना भएको छ । वास्तवमा यस्तो अवस्था देशमा सृजना भइरहनु नौलोचाहिँ होइन । प्रदेओहरुको राम्रो देन छ यो विषयमा । योभन्दा अगाडि ठाउँ कुठाउँ एमालेविरुद्ध बोल्दै आइरहने कांग्रेस र कांग्रेसविरुद्ध बोल्दै आइरहने एमालेको मुखमा भोटे ताल्चा पुनः लाग्न पुगेको छ । प्रदेओहरुको मुखमा साना-ठूला गरी थुप्रै भोटे ताल्चाहरु झुन्ड्याइएको हुन्छ, जुन अवस्थाअनुसार खोल्ने र बन्द गर्ने गरिन्छ । माओवादीविरुद्ध बोल्दै आइरहने एमाले र एमालेविरुद्ध बोल्दै आइरहने माओवादीको मुखमा लागेको भोटे ताल्चा खोलिएपछि माओवादीलाई कसैलाई माया गर्नु भूल हुन पुगेको छ भने र एमालेविरुद्ध बोल्न कांग्रेसको मुखमा खुल्दै आएको भोटे ताल्चा पुनः बन्द भएको छ । यो नियति हो हाम्रो देशको राजनीतिको ।

सामान्यतया देशमा आउने चाडबाडमा एकसरो नयाँ लुगा लाउन र सामान्य मीठो पीठो खान संघर्षरत कुल जनसंख्याको केही अपवादबाहेक पूरै जनजन प्रत्येक वर्ष जतिसुकै पौँठेजोरी खेल्दा पनि उल्लिखित एकसरो नयाँ लुगा लगाउन र सामान्य मीठो पीठो खान सदैव धौ-धौको अवस्थामा नै गुज्रिरहनुपरेको तथ्य सबै सामु छर्लंग भइरहेको छ । सत्तामा हुँदा सडकको विकास गऱ्यौँ भन्ने राजनीतिक व्यवसायीहरुलाई प्रत्येक वर्ष वर्षाको मौसममा वर्षाले गिज्याइरहेको कहिल्यै पत्तो पाएनन् । यस वर्षको वर्षाले पनि सडक विकासमा लागिपरेका नेताहरुलाई गिज्याई नै रह्यो । वर्षाको बेलामा अहिले पनि सडक खन्ने विकास जारी छ। त्योसँगसँगै कतिपय स्थानहरुमा असारे विकासले पनि प्राथमिकता पाएको छ ।

देशलाई विगतदेखि लागिरहेको श्रापबाट देश कहिले मुक्त हुने हो, कुनै टुंगो छैन । खबरबजारमा सदैव छाइरहने भ्रष्टाचारका समाचारहरुले कहिल्यै विश्राम लिन सकेको छैन । भर्खरै भइरहेको सत्ता उलटपलटलाई केही भ्रष्टहरुलाई कार्बाहीको घेरामा ल्याइएको र केहीलाई कार्बाहीको घेरामा ल्याइन खोजेको कारण भएको हो भन्ने कुराको समाचारले खबरबजारमा प्रश्रय पाएको छ । सरसर्ती मूल्यांकन गर्दा यो खबरलाई असत्य खबर भन्ने ठाउँ छैन । मुख्यतः प्रदेओहरुका कारण नै जनतामा कुनै खुशी र रौनकता देखिन छाडेको धेरै वर्ष भइसकेको छ । राजनीतिक व्यवसायीहरु पद भाग लगाउनमा नै व्यस्त छन् ।

विशेष गरेर पुराना दलका नेतृत्वहरुले प्रत्येक जनको मनमा संघीयता देशको लागि समस्या नै हो भन्ने निचोडमा पुऱ्याउन थप बल पुऱ्याएको पुऱ्यायै छ । अब त नयाँ दलका नेतृत्व पनि बिस्तारै यो मामिलामा समावेश हुन थालेको आभास हुन थालेको छ । करोडौँकरोड मात्र होइन, अर्बौंअर्बको हिनामिना राजनीतिक व्यवसायीहरुका लागि सामान्य हुन पुगेको छ ।

राजनीतिक व्यवसायीहरुका आफ्नै सन्तानदेखि लिएर राजनीतिक सन्तानसम्मका भ्रष्टाचारमा संलग्नताका समाचारहरु सार्वजनिक हुन पाएको हुँदैन कसरी उनीहरुलाई जोगाउने भन्ने लडाइँमा नै उनीहरुको समय व्यतीत भइरहेकोले जनजनलाई उनीहरुबाट सत्कर्म होला र देशलाई अघोगतिबाट पार लगाउलान् भन्ने कुरामा किञ्चित पनि विश्वास रहेको छैन ।

राजनीतिक व्यवसायी, प्रशासक, कर्मचारी, ठेकेदारदेखि लिएर शिक्षक, प्राध्यापक, डाक्टर, इञ्जिनियर, वकिल, न्यायाधीश कोही पनि यस मामिलामा अछूतो देखिन पुगेनन् । भर्खरै देशका राष्ट्रपतिका छोराले विदेशमा मच्चाएको वितण्डासम्बन्धी समाचार एक साप्ताहिकमा सार्वजनिक भएको छ । देशका राष्ट्रपतिका पारिवारिक सदस्यले विदेशमा वितण्डा मच्चाउँदा देशको प्रतिष्ठामा आँच पुग्न जान्छ भन्ने सामान्य सोच पनि नपलाउनु योभन्दा दुर्भाग्य अरु के होला ?

वैदेशिक ऋणले देश पूरै ढाकिएको छ । जन्मिन पाएको हुँदैन झन्डै पचहत्तर हजारको ऋणको भारी त्यो नवजात शिशुले व्यहोर्नुपर्ने अवस्थाको सिर्जना गराइएको छ । देशका जमिनहरुमा कि त भवन ठडिएका छन्, कि त बाँझै छन् । कुनै बेला खाद्यान्न वस्तु निर्यात गर्ने देश अहिले छिमेकी देश भारतलगायत अन्य देशहरुलाई सकेसम्म चाँडो चामल वा खाद्यान्न देऊ भनेर अनुनय विनय गरिरहनुपरेको छ । हो, एउटा कुरा सत्य के हो भने, भ्रष्टाचाररुपी रोगले विश्वका प्रत्येक राष्ट्रलाई धेरथोर गाँजेको कुरामा विमति छैन, मात्र प्रतिशतको तल-माथि मात्र हो । कुन-कुन देशको भ्रष्टाचारको प्रतिशत कति-कति छ भन्ने कुरा वार्षिकरुपमा निस्कने र निकालिने गरेका भ्रष्टाचारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनहरुले बोलिरहेका छन् । हाम्रो देशको बारेमा पछिल्लोपटक निस्किएको प्रतिवेदनले नेपाललाई भ्रष्टाचाररुपी रोगले डरलाग्दो किसिमले गाँजिरहेको कुरालाई नै इंगित गरेको छ । त्यसरी विदेश वा विदेशी संस्थाहरुका प्रतिवेदनले जिस्क्याइरहँदा हाम्रा शासकहरु ङिच्च दाँत देखाएर छलकपटमै लागिरहेर आ-आफ्ना दलका सदस्यहरुलाई जोगाउने प्रयासमा यो वा त्यो बाटो समाई लागिरहनु भनेको देशमा परेको अभिशापको निरन्तरताबाहेक केही होइन भन्न जनजनहरु बाध्य भएका छन् ।

मानवका न्यूनतम अधिकारहरु पनि संरक्षित हुन नसकेका थुप्रै घटना हाम्रै सामु लामबद्ध भएर बसिरहेका छन् । मानवअधिकारसँग सार्वजनिक भएका समाचारहरुलाई हेर्दा र पढ्दा के गणतान्त्रिक शासनमा हुने र घटित भइरहने मानवअधिकारविरुद्धका विभिन्न घटना सामान्य हुन् भनेर जनजनले मान्नुपर्ने हो ? भन्ने अहम् प्रश्न सदैव खडा भएर जिस्क्याइरहेको छ । यदि जनजनले गणतान्त्रिक शासनमा यस्ता घटना घट्ने सामान्य हुन् भन्ने शासकहरुले मान्यता राख्छन् भने जनजनलाई यो गणतन्त्र आवश्यक छैन भन्ने प्रायः जनजनको बुझाइ र भनाइ रहन पुगेको छ । यस मानेमा हाम्रो देशको चाहे दुई तिहाइको पगरी गुथेको सरकार होस्, चाहे सर्वसम्मतबाट चयन गरिएको भनेर भनिएको गठजोडको सरकार होस् या थरीथरीका गठबन्धनका सरकार हुन्, सबै सरकारका सदस्यहरु जनसवालको उपेक्षा गर्ने बाटोमा झन्-झन् अग्रसर हुँदै गइरहको त होइन भन्ने प्रश्नहरु पनि निरन्तर खडा भइरहेका छन् ।

पटक-पटक गठबन्धन भत्किरहनु यसै कुराको निरन्तरता हो । भर्खरै भत्केको वा भत्काइएको गठबन्धनपश्चात् अब संविधानको धारा ७६ (२) वा धारा ७६ (३)का बारेमा बहस चर्किरहेको छ । खारिएका विद्वानहरु कोही ७६ (२) को वकालत गरिरहेका छन् भने कोही ७६ (३) को वकालत गरिरहेका छन् । वास्तवमा धारा ७६ (२) वा धारा ७६ (३) मध्ये जुनसुकै धाराबाट सरकार गठन भए पनि जनताप्रति उत्तरदायी सरकारको जनजनले अपेक्षा गरेका छन् । राष्ट्रपतिको भूमिका कस्तो रहन्छ ? त्यो भविष्यले बताउला तर एउटा कुरा निश्चित प्राय के हो भने, जुन दलबाट प्रतिनिधित्व गरेर राष्ट्रपतिको पद प्राप्त गरिएको हुन्छ स्वभावैले उक्त दलप्रति आफ्नो भूमिका प्रदर्शित हुन जानेमा द्विविधा देखिँदैन ।

देशमा मानवता कता हराउँदै छ भन्ने प्रश्न एकातिर छँदै छ भने किन यस्तो भइरहेको छ भन्नेबारेमा सरकार न गम्भीररुपमा यसलाई लिन्छ, न त पीडितलाइ सार्थक उपचार दिन्छ । पीडितलाई न्याय त कता-कता, उल्टो जनताको मतबाट चुनिएका जनप्रतिनिधिहरु पीडितलाई बेवास्ता गर्न लागिपर्छन् । गाउँ-ठाउँमा मेलमिलापको नाउँमा स्थानीय न्यायिक समितिमार्फत् मेलमिलापको दुरुपयोग गर्दै जबर्जस्ती मिलापत्र गर्न र गराउन पीडित र पीडितका परिवारहरुलाई साम, दाम, दण्ड, भेद सबै उपायहरु अवलम्बन गर्ने गरेका समाचारहरु सार्वजनिक भइरहेका छन् ।

दलीय चाटुककारहरुको क्रियाकलापहरुलाई नियाल्दा वर्तमानका युवापुस्ताहरुलाई पनि अँध्यारोतिर धकेलिरहेको प्रतीत हुँदैछ ।

देशलाई सम्मुनतको सिखरमा पुऱ्याउन इमानदारीपूर्वक नेतृत्वहरु लागिपरेका हुन्थे भने यो अवधिमा देश कायापलट भएर भविष्यको सन्तानको लागि मजबुत भएर उभिरहेको हुन्थ्यो । पछिल्लोपटक नेतृत्वमा आएका नेतृत्वहरुले पनि युवाहरुका जोश-जाँगरलाई भरमग्दुर उपयोग गरे । विविध अश्वासन बाँडे र जिन्दावाद र मूर्दावादको नारा लगाउन लगाए । थुप्रैले यो वा त्यो नाउँमा आफ्नो जीवनको आहुति नै दिए । बेपत्ता पारिएका कतिपयको इतिहास नै हराइसक्यो । अझैं यससम्बन्धमा सार्थक सम्बोधनको सट्टा छलफल मात्र जारी रहेको समाचार खबरबजारमा सार्वजनिक भइरहेका छन् ।

यसरी नेतृत्वलाई सहयोग गरेका युवाहरुलाई वर्तमानमा आएर कि त विदेशिन बाध्य बनाइएको छ, कि त राजनीतिक व्यवसायीहरुले फालेको हड्डीमा मग्न हुन बाध्य बनाइएको छ । युवाहरुलाई देशको विषयमा सार्थक सम्बोधन गर्ने अवसरबाट सधैँ वञ्चित गराइयो । यो प्रक्रिया वर्तमानमा पनि जारी छ । सकेसम्म आफूले गरेको हालिमुहाली अकण्टक रहिरहे हुन्थ्यो भन्ने मृगतृष्णामा राजनीतिक व्यवसायीहरु अहिले पनि रमाइरहेका छन् । चिप्लो र आशारुपी अश्वासनको पोको मात्र वितरण गरी युवाहरुलाई आफ्नो मोहजालमा फसाउन राजनीतिक व्यवसायीहरु प्रत्येकपल्ट सफल भइरहेका छन् । प्रायः सबै दलमा संलग्न युवाहरुको नियति, विवशता र बाध्यता यही नै देखिँदै आएको छ । अब पनि देश-विदेशमा रहेका युवाहरु प्रत्यक्ष वा अप्रत्यक्षरुपमा यिनै नेतृत्वको पछि लागिरहने हो र गम्भीररुपमा देशको बारेमा नसोच्ने हो भने देश योभन्दा पनि कहाली लाग्दो अवस्थामा पुग्ने निश्चित छ । समाचार पत्रबाट

# ध्वनि प्रदूषणले मुटुमा कस्तो असर पार्छ ?

ध्वनि प्रदूषण यस्तो समस्या हो जसले स्वास्थ्यमा विस्तारै हानि पुऱ्याउँछ । ध्वनि प्रदूषणका कारण हरेक वर्ष हजारौं मानिसले श्रवण क्षमता गुमाउने गरेका छन् । कानले आवाजको निश्चित तीव्रता मात्र सुन्न सक्छ । चर्को आवाजले कानलाई हानि पुऱ्याउँछ ।

ट्राफिक कोलाहल र हृदयघातबीचको सम्बन्ध छ । ट्राफिक कोलाहलले स्ट्रोक, मधुमेह र मुटुसँग सम्बन्धित धेरै रोगको जोखिम बढाउँछ । चर्को आवाजलाई मुटुरोगको जोखिम कारक पनि मानिएको छ । अत्यधिक कोलाहलका कारण मानिसलाई राति निद्रा लाग्दैन र यसले गर्दा तनाव र बेचैनीको समस्या पनि हुन्छ । पछिल्ला केही वर्षयता मुटुरोगीको संख्या तीव्र रुपमा बढेको छ । विशेषगरी युवाहरू हृदयघातको सिकार भइरहेका छन् र ध्वनि प्रदूषण पनि यसको प्रमुख कारण हो ।

भर्खरै जर्नल सर्कुलेसन रिसर्चमा प्रकाशित एक अध्ययनले ट्राफिक कोलाहल र हृदयघातबीचको सम्बन्ध पत्ता लगाएको छ । अन्तर्राष्ट्रिय अन्वेषकहरूको टोलीले ठूलो मात्रामा तथ्यांकको विश्लेषण गरी ट्राफिक कोलाहलले स्ट्रोक, मधुमेह र अन्य मुटुसम्बन्धी रोग हुने सम्भावना बढाएको पत्ता लगाएका छन् ।

अनुसन्धानले सडक ट्राफिक कोलाहलमा प्रत्येक १० प्रतिशतले वृद्धिमा हृदयरोगको जोखिम ३.२ प्रतिशतले बढ्ने देखाएको छ । राति ट्राफिकको आवाजले निद्रामा बाधा पुऱ्याउँछ । यस्तो अवस्थामा निद्रा नपुग्दा रक्तनलीमा तनाव हर्मोनको स्तर बढ्छ, उच्च रक्तचाप र रक्तनलीसँग सम्बन्धित रोगको जोखिम बढाउँछ ।

जर्मनीको युनिभर्सिटी मेडिकल सेन्टर अफ मेन्जका वरिष्ठ प्रोफेसर र अध्ययनका प्रमुख लेखक थोमस मुन्जेल भन्छन्-'ट्राफिक आवाजलाई हृदयरोगको जोखिम कारकको रूपमा मान्यता दिनु महत्त्वपूर्ण छ । यस्तो अवस्थामा ट्राफिक कोलाहल कम गर्ने उपाय अपनाउनु अति जरुरी हुन्छ । ध्वनि प्रदूषण बढ्नुमा धेरै कारण हुनसक्छन् जसलाई कम गर्ने उपाय खोज्नुपर्छ ।'

**ट्राफिक ध्वनि प्रदूषणको सबैभन्दा ठूलो कारण हो**

ध्वनि प्रदूषणको सबैभन्दा ठूलो कारण ट्राफिक मानिन्छ । बढी चहलपहल हुने क्षेत्रमा बसोबास गर्ने मानिसले यस्तो समस्या भोग्नु परेको छ । यस्ता क्षेत्रमा बसोबास गर्ने मानिसका लागि ध्वनि प्रदूषण ठूलो चुनौती बनेको छ । विभिन्न अनुसन्धानमा सडक छेउमा बनेका घरमा बस्ने मानिस कहिल्यै पनि शान्तिसँग सुत्न नसक्ने देखाएको थियो ।

एकातिर वर्षेनी लाखौं नयाँ सवारीसाधन सडकमा आउने गरेकाले सोही अनुसार सडक बनाउन आवश्यक छ भने सडक बनाउँदा दिगो पनि हुनुपर्छ भन्ने कुरामा पनि ध्यान दिनु जरुरी छ । फलस्वरुप जीर्ण र खाल्डाखुल्डी सडकले ट्राफिक जाम मात्रै होइन, वर्षेनी धेरैको ज्यान लिने गरेको छ । पार्किङ समस्याका कारण समस्या बढ्दै गएको छ । विकासोन्मुख देशहरूको मुख्य सहरको सडकमा अवैध रूपमा पार्किङ गरिएका सवारीसाधन देखिन्छन् । धेरैले सडकलाई पार्किङ गर्ने ठाउँ बनाएका हुन्छन् ।

सवारीसाधनको वृद्धिको अनुपातमा पार्किङ गर्ने ठाउँको कुनै योजना बनाइएको छैन । अवैध पार्किङका कारण सडक क्षेत्र कम हुँदै गएका छन् भने पार्किङ गरिएका सवारीसाधनका कारण हिंड्ने ठाउँ पनि छैन । पार्किङ



समस्याका कारण सडक जाम हुने र जाम हुँदा बज्ने हर्नले ध्वनि प्रदूषण बढ्ने गर्छ ।

सिंगापुर जस्ता देशलाई हेर्ने हो भने नयाँ कार किन्दा भारी कर तिर्नुपर्छ । सडकमा गाडी चलाउन छुट्टै अनुमति लिनुपर्छ । यसबाहेक क्षेत्रीय इजाजत पत्र प्रणालीअन्तर्गत छनोट भएको क्षेत्रमा प्रवेश गर्न छुट्टै लाइसेन्स लिनुपर्छ । अवैध पार्किङ रोक्न हटलाइन नम्बर पनि छ, जसमा जो कोहीले जानकारी दिन सक्छन् । विकासोन्मुख देशहरूमा पनि सरकारले कडा नियम बनाएर चर्को जरिवानाको व्यवस्था गरेमा समस्या अलिकति सुधार हुन्छ ।

**पुराना र जीर्ण बसका कारण पनि जाम**

विकासोन्मुख तथा विकासशील देशका सडकहरूमा प्रायः पुराना र जीर्ण बस गुडेको देखिन्छ । पुराना बसहरू बाटोमा बिग्रिने सम्भावना भयो । बाटोमा बस बिग्रिंदा त्यसकै कारण ट्राफिक जाम हुन्छ । यस्तोमा हरेक पटक सवारीसाधन बिग्रिएपछि घण्टौंसम्म ट्राफिक जाम हुने गर्छ । एउटा लेन अवरुद्ध भएपछि गाडी, टेम्पु, अटोरिक्सा, मोटरसाइकललगायत सबै प्रकारका सवारी साधनको लामले सडक जाम हुन्छ । हतारमा चालकहरूले एकअर्काको बाटो काटेर ओभरटेक गर्ने प्रयास गर्छन्, जसले समस्या झन् बढाउँछ ।

विकासोन्मुख देशका प्रायः बसहरू १० देखि १२ वर्ष पुराना हुन्छन् । खाल्डाखुल्डी सडकहरूमा चल्छन्, तिनीहरूको बोक्ने क्षमताभन्दा बढी यात्रुहरू बोक्छन् । यस्तोमा बस बिग्रिने र जाम हुने सम्भावना झन् बढ्ने भयो । सडकमा क्षमताभन्दा धेरै गुणा बढी सवारी साधन छन् । स्वाभाविक रूपमा सडकको बीचमा बस बिग्रिएमा, त्यस ठाउँ वरपर अन्य सवारी साधनको आवतजावतका कारण जाम हुन्छ । जामको अर्थ ध्वनि प्रदूषण हो । ट्राफिक जाममा फसेपछि हर्नका आवाजले कान दुख्न थाल्छ, टाउको दुख्न थाल्छ ।

*एजेन्सीको सहयोगमा*



विश्वकै अग्लो दावी गरिएको त्रिशुल

दाङको घोराही उपमहानगरपालिका- ५ स्थित पाण्डवेश्वर महादेव मन्दिर धारपानी परिसरमा राखिएको विश्वकै अग्लो दावी गरिएको त्रिशुल। पञ्चधातुबाट निर्माण गरिएको त्रिशुलको उचाइ ५५ दशमलव ५ फिट र तौल १३ हजार तीन सय ८० किलो रहेको छ। तस्बिरः कुलदीप न्यौपाने /रासस

# गुल्मी प्रशानद्वारा अशक्तलाई घरमै नागरिकता प्रदान




गुल्मी । गुल्मीमा अपाङ्गता भएका व्यक्तिलाई उनीहरुको घरमै पुगेर नागरिकता प्रदान गर्न थालिएको छ । अपाङ्गता भएका धुर्कोट गाउँपालिका- १ स्थित नयाँगाउँका १७ वर्षीय अन्मुल घर्तीलाई प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले उहाँकै घरमै पुगेर नागरिकता प्रदान गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालयले पछिल्ले समय जिल्लामा अशक्त र अपाङ्गता भएका व्यक्तिलाई घरमै पुगेर सेवा प्रवाह गर्ने अभियान सञ्चालन गरिरहेको प्रजिअ शर्माले जानकारी दिए । "हामीले हरेक पालिकामा पुग्दा त्यहाँका जनप्रतिनिधिलाई त्यस्ता प्रकाकारका अशक्त र अपाङ्गता भएका व्यक्ति भएमा जानकारी गराउनु होला, हामी घरमै आएर सेवा प्रवाह गर्छौं भनेका छौं ।"- उनले भने ।

अपाङ्गता र अशक्त भएका व्यक्तिलाई नागरिकता लिनका लागि जिल्ला प्रशासन कार्यालयसम्म आउन समस्या हुने र आर्थिक भार समेत थपिने भएकाले उनीहरुलाई कार्यालयबाट कर्मचारी घरमै पुगेर नागरिकता प्रदान गरिने व्यवस्था मिलाइएको प्रजिअ शर्माले बताए । अन्मुलका बुबाले छोराको समस्याको बारेमा जिल्ला प्रशासन कार्यालयमा आएर गुनासो पोखेपछि प्रजिअ शर्माले घरमै पुगेर नागरिकता दिने प्रतिबद्धता जनाए । आफूले गुनासो राखेपछि मङ्गलबार घरमै आएर छोरालाई विस्तारामै नागरिकता दिँदा आफूहरु निकै खुसी बनेको अन्मुलका बुबा ध्रुव घर्तीले बताए । " यत्ति कामका लागि यो छोरालाई तम्घास लैजान ल्याउन कति समस्या हुन्थ्यो, अहिले घरमै आउनुभयो, नागरिकता दिनुभयो, हामीलाई त भगवान आएजस्तै भयो ।"- घर्तीले भने ।

स्वस्थ्य नै जन्मिएका अन्मुल जन्मेको चार दिनपछि कमलपित्तका कारण अपाङ्गता हुनुपरेको बताइएको छ । अपाङ्गता भएपछि अन्मुल १७ वर्षदेखि ओछ्यानमै छन् । उनी बोल्न र केही गर्न सक्दैनन् । उनको हेरचार र स्याहार सुसारका लागि परिवारलाई नियमित रुपमा खटिरहनुपर्ने बाध्यता छ । ध्रुवको तीन सन्तानमध्य उनी माइलो सन्तान हुन् । वृद्ध हुनलागेका बाबुआमा यतिबेला त्यही छोरालाई हेर्दै आफ्नो जीवन कटाइ रहेका छन् । जिल्ला प्रशासन कार्यालयले यसअघि पनि जिल्लाको रेसुङ्गा, मुसिकोट, ईस्मा लगायतका पालिकाहरुमा पुगेर यस्तै प्रकारको सेवा प्रदान गरेको थियो । प्रशासनले जिल्लामा विपद् प्रभावितलाई परिवारहरुलाई पनि घरमै पुगेर राहत उपलब्ध गराउने व्यवस्था मिलाएको प्रजिअ शर्माले जानकारी दिए ।

# १३२ केभी बुर्तिबाङ 'सवस्टेशन' अन्तिम चरणमा



ढोरपाटन (बागलुङ) । बागलुङको बडिगाड गाउँपालिका-५ग्वालीचौरका स्थानीयको अवरोधका कारण १३२ केभी बुर्तिबाङ सवस्टेशन अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । स्थानीयले केन्द्रीय प्रशारण लाइनको टावर निर्माण गर्न नदिँदा सञ्चालनमा आउन नसकेको हो । गत असार पहिलो सातानै सञ्चालनमा ल्याउने गरी आयोजना कार्यालयले काम गरेको थियो ।

पाँच वर्ष अगाडि निर्माण सुरु भएको बुर्तिबाङ सवस्टेशन हालसम्म ९२ प्रतिशत काम सकिएको आयोजना कार्यालयले जनाएको छ । बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको थियो । गत असार ९ गते सर्वोच्चले रिटनै खारेज गरिदिएपछि पुनः काम सुरु गर्ने आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिए । कपिलवस्तुको मोतिपुरदेखि सुरु भएर अर्घाखाँचीको सन्धिखर्क गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सवस्टेशन विसं २०७८ सालदेखि निर्माण सुरु भएको थियो ।

ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सवस्टेशनको निर्माण भएको छ । विसं २०७६ मा ठेक्का प्रक्रिया अगाडि बढाए पनि दुईपछि मात्रै काम सुरु भएको थियो । मोतिपुरदेखि सन्धिखर्कसम्मको लाइन विसं २०७८ चैत १२ गते परीक्षण गरी सुचारु गरिएको भन्दै गुल्मीको तम्घासको सवस्टेशन असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिए ।

सर्वोच्चले रिट खारेजपछि अब काम तीव्र गतिमा हुने उनको भनाइ छ । गुल्मीको पौँदीअमराई र बागलुङको बुर्तिबाङक सवस्टेशन एकै पटक सञ्चालन गरिने उनी बताउँछन् । उनका अनुसार पौँदीअमराईदेखि बुर्तिबाङसम्मको १४ किलोमिटरको दूरीमा ४१ वटा टावर निर्माण गर्नुपर्ने भन्दै हालसम्म २६ वटा निर्माण भइसकेको र अझै १५ वटा निर्माण गर्ने बाँकी रहेका छन् ।

पन्ध्र वटा टावरसँगै लाइनसमेत तान्न बाँकी रहेको आयोजना प्रमुख चौधरीको भनाइ छ । "काममा कुनै बाधा नभएको हुन्थ्यो भने यति बेला १३२ केभी बुर्तिबाङ सवस्टेशन सञ्चालनमा आउने थियो, हाम्रो लक्ष्य असारमै सक्नुपर्ने थियो, तर विभिन्न बाध्यात्मक परिस्थितिले गर्दा ढिला भयो" उनले भने-"अब छिट्टै कामलाई गति दिएर सक्छौं, स्थानीयलाई मुअब्जा दिने काम पनि भइरहेको छ, विद्युत् प्राधिकरण केन्द्रबाटै छिटो काम सक्नका लागि प्रेसर छ, छिट्टैनै काम सक्छौं र सञ्चालनमा ल्याउँछौं ।"

सवस्टेशन निर्माणका लागि पाँच वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा निर्माण जिम्मा लिएको थियो भने लाइन विस्तारका लागि करिब रु ८३ करोडको लागतमा निर्माण कम्पनीलाई जिम्मा दिइएको थियो । कपिलवस्तुदेखि बुर्तिबाङ ८६ किलोमिटर दुरी रहेको छ । यहाँ डबल सर्किटको तार विस्तार हुने छ । बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले आयोजना सम्पन्न गर्नका लागि आफूहरुले सहज वातावरण तयार गर्नका लागि भूमिका खेलेको बताइन ।

आयोजनाले टावर निर्माण गर्दा प्रयोग हुने जग्गाको धनीलाई उचित मुअब्जा दिनका लागि आग्रह गरेको उनको भनाइ छ । सदरमुकाम बागलुङ बजारका आसपासमा केही वर्ष अगाडि नै केन्द्रीय प्रशारण लाइनले जोडिए पनि पश्चिम बाग्लुङ भने जोडिन सकेको थिएन । अघिल्लो तीन वर्ष अगाडिदेखि विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले पश्चिम क्षेत्रलाई प्राथमिकता दिएर लाइन विस्तार गर्दै आएको छ । अहिलेसम्म निसीखोला र तमानखोला केन्द्रीय लाइनले जोडिन सकेका छैनन् ।

यद्यपि प्राधिकरणले निसीखोला, तमानखोला र ढोरपाटन नगरपालिकाको गाउँ-गाउँसम्म अहिले विद्युतीय पोल गाड्ने र तार तान्ने काम भने गरिरहेको छ । रासस

# सेयर बजार ५४ अंकले बढ्यो



बकाठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबार ५४.०४ प्रतिशत वृद्धि भएको छ । अघिल्लो दिन ७०.१८ प्रतिशतले बढेको सेयर बजार बुधबार पनि बढ्दै १ हजार ३६४.६३ को बिन्दुमा पुगेको हो ।

अर्थमन्त्री विष्णु पौडेल सोमबार अर्थमन्त्रीमा नियुक्त भएको दिन नेप्से घटे पनि त्यसपछिको दुई दिन भने लगातार वृद्धि भएको हो ।

बुधबार ३ करोड २० लाख ९५ हजार ९३७ कित्ता सेयर कारोबार हुँदै १२ अर्बभन्दा बढीको कारोबार भएको छ । नेप्सेका अनुसार १२ अर्ब ५ करोड ९२ लाख ६६ हजार ११३ रुपैयाँ बराबरको कारोबार भएको छ ।

बुधबार सबै उपसूचकहरूमा हरियाली छाएको थियो । यस्तै सेन्ट्रल फाइनान्सको सेयरको मूल्य १० प्रतिशत बढ्दा सिटिजन्स म्युचुअल फण्डका लगानीकर्ताले भने ९.९० प्रतिशत गुमाए । बुधबार सिंगटी हाइड्रोको सेयर सबैभन्दा बढी कारोबार भयो ।

## प्रधानमन्त्रीको...

ऊर्जा मन्त्रालयबाट बैठकका लागि बोलावट भएको उद्योगीहरूले पनि स्वीकार गरेका छन् ।

डेडिकेडेट फिडर र ट्रंकलाइनमार्फत वितरण गरिएको विद्युत् महसुल दरको भुक्तानीलाई लिएर २०७५ सालदेखि विद्युत् प्राधिकरण र उद्योगीहरूबीच विवाद जारी छ । यही विवादमा प्राधिकरणले २४ उद्योगको लाइन गत पुस पहिलो साता काटेको थियो । लोडसेडिङका बेला पनि नियमित २० देखि २४ घण्टासम्म विद्युत् लिन चाहने अर्थात् लोडसेडिङमा बस्नु नपर्ने गरी केही उद्योगी-व्यवसायीलाई प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंकलाइनबाट बिजुली दिन्थ्यो, त्यसमा थप ६५ प्रतिशतसम्म प्रिमियम शुल्क लिन्थ्यो ।

उनीहरूले थप ६५ प्रतिशतसम्मको शुल्क नियमित बुझाएका पनि थिए । तर, विद्युत् प्राधिकरणले २०७५ सालमा ६१ उद्योगीलाई छुट बिल तिर्न भन्दै पत्र पठाएपछि यो विवाद सतहमा आएको हो । २०७२ साउनदेखि सुरु भएको डेडिकेटेड र ट्रंकलाइनको प्रिमियम शुल्क २०७७ असारसम्मै चालु थियो । त्यसबेला विभिन्न सरकारी अस्पताल, कार्यालय तथा निजी उद्योग समेत गरेर २ सय ९८ ग्राहकले यस्तो लाइन लिएकोमा पछिल्लो समय ६१ उद्योगको बिलमा भने विवाद भइरहेको छ । कतिपय उद्योगले त्यो संकटपूर्ण कालखण्डमा महँगो दर पर्ने बिजुली उपयोग गरे तर सामान्य दरमा बिल भुक्तानी गरेको प्राधिकरणको दाबी छ । त्यसरी प्रिमियम शुल्क तिर्नुपर्ने कतिपय उद्योगको छुट बिल काटिएको प्राधिकरण बताउँछ । उपयोग गरेअनुसार बिल तिर्न आफूहरू तयार भए पनि प्राधिकरणले कुन समयमा कति बिजुली प्रयोग गर्न दिएको थियो भन्ने प्रमाण दिनुपर्ने उद्योगीहरूको अडान रहेको रूपन्देहीको पञ्चकन्या समूहका महाप्रवन्धक देवेन्द्र साहूले बताए । यसबीच विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका ग्राहकसँग प्राधिकरणले तोकेको मापदण्ड पुगेको प्रमाणका आधारमा मात्रै शुल्क उठाउन पाउने निर्णय गरेको थियो ।

तर, त्यसपछि पनि विवाद समाधान नहुँदा मन्त्रिपरिषद्ले २०८० पुस २४ मा छानबिन आयोग गठन गरेको थियो । आयोगले २३ बैशाख २०८१ मा सिफारिससहितको प्रतिवेदन सरकारलाई बुझाएको छ । सोही प्रतिवेदनमा २०७२ पुसअघि र २०७५ बैशाखपछिको अवधिको प्रिमियम शुल्क प्राधिकरणले लिन नमिल्ने सिफारिस गरिएको छ ।

२०७२ माघदेखि २०७५ बैशाखसम्म उद्योगहरूले विद्युत् उपभोग गरेको दिन र अवधि यकिन गरी पुनः गणना गरेर मात्रै महसुल लिन पाउने सिफारिस गरिएको छ ।

यो आयोगको सिफारिस कार्यान्वयन गर्ने निर्णय मन्त्रिपरिषद्ले २७ बैशाख २०८१ मा गरेको थियो । त्यसबारे तत्कालीन मुख्य सचिव बैकुण्ठ अर्यालले फरक बेहोराका दुई पत्र ऊर्जा मन्त्रालयमा पठाएका थिए । दोस्रो पत्रका आधारमा विद्युत् प्राधिकरणले पुनः महसुल गणना गरी पुरानै बिलका आधारमा बक्यौता उठाउन उद्योगीहरूलाई पत्राचार गरेपछि विवाद फेरि बल्झिएको हो । उद्योगीहरूले बिलको आधार र टीओडी मिटरको तथ्यांक उपलब्ध नगराइकन महसुल नतिर्ने अडान राख्दै आएका छन् । त्यसपछि अहिले प्राधिकरणले ६ वटा ठूला उद्योगको लाइन काटिदिएको छ । प्राधिकरणले ज्यादती गरेको भन्दै बाँकी उद्योगका सञ्चालकहरूले आफैं लाइन काटेका छन् ।

## टाइगर...

१ लाख ६५ हजारको दरले ८७ जनाको बक्यौता पारिश्रमिक जोड्ने हो भने ३६ लाख ३० हजार ६५ हजार रुपैयाँ बक्यौता देखिन्छ । यता श्रम अदालतले गरेको फैसला हेर्ने हो भने निकालिएकोदेखि पुनर्बहाली गरेको समयसम्म खाइपाई गरी आएको तलब गरी प्रतिव्यक्ति १२ लाख २५ हजार देखिन्छ ।

यसरी बक्यौता रकम जोड्ने हो भने १० करोड ६२ लाख ७५ हजार हुन आउँछ । तर स्थानीयस्तरमा पाँचतारे होटेल सञ्चालनमा रहेको र होटलको पछिल्लो अवस्था अत्यन्तै दयनीय भएको भन्दै पीडित श्रमिकहरुले होटलको अवस्था हेरेर आफूहरुले कम हिसाब गरे पनि तर टाइगर वान प्रालीले उक्त रकम समेत नदिने आलटाल गर्दै आएको रेग्मीले बताए ।

२०८० पुस १३ गते युनियन र व्यवस्थापनबीच भएको सम्झौताको कार्यान्वयन गरी पाउँ भनि २०८१ जेठ २४ गते एउटा निवेदनसमेत दर्ता भएको छ ।

श्रम अदालतबाट भएको उक्त फैसलामा चित्त नबुझेको भन्दै टाइगर वान कम्पनीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेको र सो निवेदनमा अन्तरिमकालीन आदेशसमेत जारी भएको छ । उक्त रिट निवेदनबाट मुद्दा चल्दै गर्दा कम्पनीको स्वामित्व तथा व्यवस्थापन परिवर्तन भएको र नयाँ व्यवस्थापनसँग ट्रेड युनियनको बीचमा वार्ता भई २०८० पुस १३ गते विवाद समाधान तथा दाबी फरक सम्झौता भएको थियो । श्रमिकहरुसँग विवाद समाधान गर्ने सम्झौता भएको व्यहोरा खुलाएर कम्पनीले सो रिट निवेदन फिर्ता लिएको थियो। कम्पनीमा काम गर्ने अदित थापा समेतका केही श्रमिकहरुले पनि सोही विषयको अर्को मुद्दा श्रम अदालतमा दर्ता गराएको र सो मुद्दामा पनि श्रम अदालतले २०७८ असोज १ गते फैसला गरिदिएको थियो । सो फैसला उपर पनि कम्पनीले चित्त नबुझेको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन गरेको र ट्रेड युनियनसँगको उक्त सम्झौता बमोजिम नै कम्पनीले सो मुद्दा आफैं फिर्ता लिएको थियो ।

दुवै मुद्दामा संलग्न रहेका सबै श्रमिकहरुलाई ट्रेड युनियनको सम्झौता बमोजिम नयाँ नियुक्ति हुन चाहने योग्य श्रमिकलाई सम्झौता बमोजिमको रकम उपलब्ध गराई कम्पनीले नयाँ रोजगारीमा राख्ने र नयाँ नियुक्ति नहुने श्रमिक लाई पनि सम्झौता बमोजिमको रकम उपलब्ध गराउने सर्त रहेकाले सोही बमोजिम नयाँ नियुक्ति लिन चाहने कर्मचारीले प्रक्रिया पूरा गरी नयाँ नियुक्तिले नियमित रोजगारीमा रहेको कम्पनीको भनाइ छ ।

नयाँ नियुक्ति नहुने श्रमिकहरुको हकमा सम्झौता बमोजिमको भुक्तानी लिएको दाबी छ । तर गोविन्दप्रसाद गौतम र अर्का श्रमिक केशवराज पन्थी लगायतले सम्झौता बमोजिमको प्रक्रिया अन्तर्गत नियुक्ति भई काम गर्न वा नयाँ नियुक्ति नलिई सम्झौता बमोजिमको रकम भुक्तानी लिने भनि दिएको विकल्प छनौट गर्न कम्पनीमा उपस्थित नभएको टाइगर वान प्रालिका प्रमुख प्रशासकीय अधिकृत दिपक लेखकले दाबी पेश गरिएको श्रम रोजगार कार्यालयलाई दिएको जवाफमा भनिएको छ ।

श्रमिकहरुले भने कम्पनीले गलत दाबी पेश गरेको बताएका छन् । उनीहरुले आफूहरु निरन्तर नियुक्ति र बक्यौता रकम लिनका लागि धेरैपटक आग्रह गरे पनि कुनै सुनवाइ नगरेको र गेटबाट भित्र प्रवेश गर्न नदिइएको बताएका छन् ।

सम्झौता गरेको ७ महिना बितिसक्दा समेत कम्पनीले सम्झौता पत्र कार्यान्वयनमा कुनै चासो नदिएपछि संघर्ष समितिले टाइगर वानका म्यानेजर नवराज उपाध्यायलाई एक ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराएका छन् ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

**मितिः २०८१/०४/०२ को**

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४८,३००

तेजावी सुन प्रति तोला : १,४७,६००

चांदी प्रति तोला :१,९०५

## सच्याइएको सूचना

**चैतन्य गर्ग, सुजाता अग्रवाल र सविना अग्रवालको एम.पी. ग्रेनिटो उद्योग निर्माणको अस्थाई इजाजतको लागि दैनिक लुम्बिनीमा मिति २०८१/०४/०२ गते प्रकाशित सूचनामा सर्जमिन मुचुल्कासम्बन्धी सूचना हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# तजिया विसर्जन गरी सकियो शोकको पर्व मोहर्रम

**मोहम्मद हबिब**
*भैरहवा*



भैरहवासहित विश्वका इस्लाम धर्मावलम्बीको शोकको पर्व मोहर्रम मनाइएको छन् । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरका नाती हजरत हुसैनको शाहादत (शोक) मा यो पर्व मनाइने गरिन्छ । हुसैन इराकको राजधानी बगदादभन्दा सय किलोमिटर टाढा करबला भन्ने ठाउँमा यजीदी फौजसँगको धर्मयुद्धमा शहिद भएका थिए । बुधबार (मोहर्रम १०) तारिखमा ताजियाको बिजर्सन गरी मोहर्रम पर्वको विधिवत समापन हुने गर्दछ । यो पर्वले हिन्दु तथा मुस्लिम धर्मावलम्बीहरुको एकताको पर्वको रुपमा पनि परिचय बनाउँदै गएको छ । सदभावको प्रतिकको रुपमा रहेको यो पर्वमा वर्षेनी श्रद्धालु बढ्दै गएका छन् । हिन्दु र मुस्लिम दुवै समुदाय उत्तिकै आस्था राखी हिन्दु धर्मावलम्बीहरु पनि मुस्लिम जस्तै तजिया बनाई विधिवत रुपमा पूजा अर्चना गर्ने गरेका छन् ।

इस्लामिक धर्मको नयाँ वर्षका दिनदेखि सुरु हुने मोहर्रमका १० दिनसम्म नै फरक-फरक तरिकाले पर्व मनाउने गर्दछन् । मोहर्रमको १० तारिखलाई महान दिन असुरा पनि भनिन्छ । मोहर्रम १० तारिखकै दिन धेरै नबीहरु माथि अल्लाहको इनायत भयो र पापीहरुलाई सजाय गरिएको थियो जसमा हजरत हुसैनले पनि सहादत पाएका थिए । । हुसैनले इस्लाम र मानवता को रक्षा गर्न आफ्नो परिवार र साथीहरुको लागि बलिदान दिएका थिए ।

त्यसैले यो शोक दिनको सम्झनामा मस्जिदमा कुरआन पाठ गरिनुका साथै बेलुकी खिचडा (खाने पक्वान्न) बनाएर बाँडिन्छ । घरमा बनाइएका ताजियाहरु नजिकको कर्बला(रणभूमि)मा पुगेर विभिन्न परम्परागत खेल तमासा तथा ताजियालाई विभिन्न सामग्री अर्पण गरी यो पर्व मनाइन्छ । भाकल गर्नेहरुले आफ्नै लागतमा ठूलो ताजिया बनाउने पनि गर्दछन्, विशेषगरी मोहर्रम पर्व मुस्लिम समुदायले मनाउने भए पनि भाकल पूरा भएको भन्दै केही हिन्दु धर्मावलम्बीले पनि ताजिया राख्ने गर्छन् ।

सन् ६८० अक्टोबर १० तारिखका दिन इराकको राजधानी बगदादभन्दा सय किलोमिटर टाढा उत्तर पूर्वको करबलामा यजीदी फौजसँगको धर्मयुद्धमा सहादत प्राप्त गरेका हुसैनको सम्झनामा ताजिया बनाई मोहर्रम पर्व मनाउने परम्परा सुरु भएको हो । हसन तथा हुसेनको प्रतिक स्वरुप बासको ढाँचामा विभिन्न रङ्गीचङ्गी कागज बेरी तजिया बनाइने गरिन्छ । तजिया भनेको युद्धको बेला प्रयोग गरिएको एक प्रकारको हतियार । ताजियाहरुलाई मगंलबार साँझ अर्थात् ९ मोहर्रम नवमीका दिन पूजा गरी बुधबार दशौँ दिन बिर्सजन गरी समापन हुन्छ ।

नेपाललगायत दक्षिण एशियाली मुलुकहरुमा विशेष महत्वका साथ मनाईन्छ । मुस्लिमहरु मात्रै मनाउँदै आएको यो पर्व पछिल्लो समय हिन्दु धर्मवलम्बीहरुले पनि मनाउने गरेका छन् । ताजिया प्रति आस्था बढ्दै गएपछि, मागेको भाकल पूरा हुने भएपछि हिन्दु समुदायले पनि ताजिया बनाउने गरेका छन् ।

भैरहवाको भैरहवा गाउँ, कठौतिया, बसडिलवा, खजहना, भैयाटोल, गल्लाण्डी, उदयपूर, दोगहरालगायतका क्षेत्रमा तजिया निर्माण गरी भैरहवास्थित करबलामा विसर्जन गरिएको छ ।

यो महिना भनेको इस्लामिक नयाँ वर्षको पहिलो महिना पनि हो । इस्लाम धर्मका प्रवर्तक हजरत हजरत मोहम्मद सल्लाहु अलैही वसल्लम साउदी अरबको मक्कामा जन्मेर अल्लाहको दूत 'नबी' का रूपमा इस्लामका बारेमा प्रचारप्रसार गर्दै गर्दा त्यतिबेलाका शासकहरूले उनीमाथि अत्याचार गर्न थालेपछि अल्लाहको आदेशानुसार मक्का शहर छोडेर मदिना गएको दिनदेखि नै इस्लामिक संवत् मनाउने परम्परा सुरु भएको हो ।

हिजरी संवत् मुस्लिम समुदायले हिजरी सम्वतको पहिलो दिनलाई नयाँ वर्षको रूपमा मनाउँछन् । यसलाई इस्लामिक संवत् पनि भनिन्छ । मुस्लिम समुदायको बाक्लो बसोबास भएको क्षेत्रमा हिजरी संवतलाई नयाँ वर्षको रुपमा मनाइन्छ । हिजिरी सम्वत इतिहासको पुरानो सम्बत हो । हिजरतको इतिहासमा लागू भएकाले नै यो सम्बतलाई हिजिरी भनिन्छ । इतिहासमा उल्लेख गरिएअनुसार हजरत मोहम्मद सल्लाहु अलैही वसल्लमको दोस्रो प्रतिनिधि राजा हजरत उमर फारुखले आफ्नो पालामा लागू गरेका हुन् ।

नयाँ वर्ष हिजरी सम्बतको पहिलो महिना मोहर्रम हो । इस्लाम धर्मका सबै चाड पर्व हिजरी सम्बत् अर्थात् हिजरी पात्रो अनुसार नै तय हुन्छन् । यो चन्द्रमासका आधारमा हुन्छ । १२ महिनासहित ३५४ दिन हुने यो सम्बत अरु सम्बतभन्दा ११ दिन पछाडि हुँदै जान्छ ।

# ११ र १२ को कक्षा बिहानीसत्रमा सञ्चालन गर्न माग



**गोविन्द घर्ती**
*देवदह*

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन देवदह नगर समितिले ११ र १२ को कक्षा दिवासत्रबाट बिहानीसत्रमा सञ्चालन गर्न माग गर्दै देवदह नगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ । दिवा कक्षाले विद्यार्थीहरुको शैक्षिक गतिविधिमा असर परेको भन्दै अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनले नगरपालिकालाई ज्ञापनपत्र बुझाएको हो ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन देवदह नगर समितिका अध्यक्ष आश्विन न्यौपानेको नेतृत्वमा गएको टोलीले नगरप्रमुख ध्रुवप्रसाद खरेललाई उक्त ज्ञापन पत्र बुझाएको हो । नगरप्रमुख खरेललाई बुझाएको ज्ञापन पत्रमा ग्रामीण भू-भाग क्षेत्रमा कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीले पारिवारिक जिम्मेवारीपन बहन गर्नुपर्ने भएकाले दिवा कक्षाले विद्यार्थीको शैक्षिक गतिविधि प्रभावित पारेको, टाढा जान नसक्ने विद्यार्थीले आफ्नो अध्ययनलाई छोड्नु परेको बाध्यात्मक अवस्था भएकोले बिहानी कक्षा सञ्चालन गर्नुपर्ने ज्ञापनपत्रमार्फत् माग गरिएको छ ।

सुनवल, बुटवल र तिलोत्तमाले बिहानी समयमा कक्षा सञ्चालन गरेको अवस्थामा देवदहमा रहेका सामुदायिक विद्यालयको कक्षा ११ र १२ बन्द हुने अवस्थामा पुगेको र यस क्षेत्रमा रहेको एक मात्र उच्च शिक्षा अध्ययन गराउने संस्था देवदह आदर्श बहुमुखी क्याम्पसलाई पनि त्यसको प्रत्यक्ष प्रभाव परेको हुँदा नगरसभाले अनिवार्य दिवा शत्रमा कक्षा सञ्चालन गर्न भनी गरिएको निर्णयको पुनर्विचार गर्न आग्रह गरिएको छ ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनले बुझाएको ज्ञापनपत्र बुझ्दै नगर प्रमुख खरेलले बिहानी कक्षा सञ्चालन गर्न नदिने बताउँदै जबर्जस्ती गरे विद्यालयको अनुमति खारेज गर्ने बताए । उनले शिक्षा क्षेत्रमा बढेको विकृति, विसंगति रोक्नको लागि नगरपालिकाले ११ र १२ दिवा कक्षा सञ्चालन गरेको जनाए ।

उनले विद्यार्थीहरुको हक हितलाई ध्यानमा राखेर दिवा कक्षा सञ्चालन गरेको दाबी गरे । नगरप्रमुख खरेलले शिक्षाको नाममा शोषण भइरहेको बताउँदै देवदह क्षेत्रमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा दरबन्दी मिलाउने काम गरेको बताए ।

# खुल्ला म्याराथुन दौड प्रतियोगिता हुने

**गौरीशंकर जयसवाल**
*परासी*




पश्चिम नवलपरासीमा खुल्ला म्याराथुन दौड प्रतियोगिता हुने भएको छ । प्रोग्रेसिभ इञ्जिनियर एसोसियसन नेपाल, नवलपरासीको आयोजनामा खुल्ला म्याराथुन प्रतियोगिता हुने भएको हो ।

६२औँ इञ्जिनियरिङ दिवसको अवसरमा खुल्ला म्याराथुन दौड प्रतियोगिता गर्न लागेको पिनका उपाध्यक्ष सुर्वण न्यौपानेले पत्रकार सम्मेलनमार्फत् जानकारी दिए ।

प्रोग्रेसिभ इञ्जिनियर एसोसियसन नेपाल, नवलपरासीको ६२औँ इञ्जिनियरिङ दिवसको अवसरमा आज बिहीबार खुल्ला म्याराथुन दौड आयोजना गर्ने भएको छ ।

रामग्रामको बुद्धचोकदेखि बिहान ८:३० बजे सुरु भइ ९:३० बजे रामग्राम स्तुपामा समापन हुने प्रोग्रेसिभ इञ्जिनियर एसोसियसन नेपाल, नवलपरासीका अध्यक्ष राजु ढकालले जानकारी दिए । पिन नवलपरासीले समाजमा सामाजिक वातावरण, शैक्षिक स्वास्थ, खेलकुदलगायतका कार्यहरू गर्दै इञ्जिनियरहरूको हकहितको लागि आवाज उठाउँदै आएको छ । यो पटक पनि ६२ औँ इञ्जिनियरिङ दिवसको अवसरमा आयोजना गरिएको खुल्ला म्याराथुनको मुख्य उद्देश्य युवाहरूको सम्मान, स्वास्थ र फिटनेसको प्रवर्द्धन र समुदायमा सकारात्मक उर्जा फैलाउनुको साथै पर्यटन विकास र रामग्राममा रहेको स्तुपाको अन्तर्राष्ट्रिय उजागर गर्नु रहेको छ ।

प्रतियोगितामा सबै उमेर समूहका व्यक्तिहरूलाई सहभागी गराइने र प्रथम हुनेलाई नगद रु. १० हजार, सिल्ड, द्वितीय हुनेलाई नगद रु. ५ हजार सिल्ड र तृतीय हुनेलाई नगद रु. ३ हजार र सिल्ड रहने अध्यक्ष ढकालले बताए ।

पिनको आगामी कार्यक्रममा प्रकोप न्यूनीकरणमा इञ्जिनियरहरूको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम रहने उपाध्यक्ष सुवर्ण न्यौपानेले बताए ।


## आवश्यकता

यस सिद्धार्थ पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित पत्रिका दैनिक लुम्बिनीका लागि देहाय बमोजिमको कर्मचारी आवश्यक परेकोले इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|
| १ | बजार प्रबन्धक | केही | कम्तिमा +2 पास, सम्बन्धित क्षेत्रमा दक्ष |

तलब तथा अन्य सुविधा: आपसी सहमतिमा तय गरिनेछ ।
दरखास्त दिने अन्तिम मिति: २०८१ साउन ०५ गतेसम्म
सर्म्पक
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर
फोन नं: ०७१-५३०६४०, ९८५७०३८३१२

## हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
## आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com